# क्रिस्टल फाइनान्स लिमिटेड, थापाथली, काठमाण्डौंलाई
# समस्याग्रस्त वित्तीय संस्था घोषणा गरिएको बारे
# नेपाल राष्ट्र बैंकको सूचना

क्रिष्टल फाइनान्स लिमिटेड, काठमाडौंको २०६७ चैत्र मसान्तको अपरिष्कृत वित्तीय विवरणको आधारमा भएको स्थलगत निरीक्षणबाट उक्त संस्थाले सञ्चालक, संस्थापक तथा निजहरुसंग सम्बद्ध व्यक्ति तथा कम्पनीहरुलाई रु.४४,५९,५७ हजार कर्जा प्रवाह गरेको पाइएको हुंदा यस बैंकबाट बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन २०६७ को इ.प्रा.निर्देशन नं. १/०६७ को पूँजीकोष तालिका (क वर्ग वाहेक) निर्देशन फाराम नं १.१ बमोजिम यस बैंकको निर्देशन अनुसार सो सम्पूर्ण रकमलाई संस्थाको प्राथमिक पूँजीवाट घटाउंदा तथा प्रवाहित कर्जाको सुपरिवेक्षकीय समायोजन पश्चात रु.४,५१,६४ हजार कर्जा नोक्सानी ब्यवस्था थप गर्दा संस्थाको संचित नोक्सानी रु.२,३२,३७ हजार तथा पूँजीकोष रु.३७,२०,१४ हजार (३०.४ प्रतिशत) ले ऋणात्मक हुन गएकोले यसबाट बैंक तथा वित्तीय संस्थाको शीघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली, २०६४ को विनियम ३ को (ङ) आकर्षित हुने देखिएको तथा उक्त संस्थालाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ (ख) बमोजिम समस्याग्रस्त वित्तीय संस्था घोषणा गरी सोही ऐनको दफा ८६ (ग) अनुसारको कारवाही गर्न नपर्ने कुनै कारण भए ३५ दिन भित्र स्पष्टीकरण पेश गर्न निर्देशन दिइएकोमा संस्थाले पेश गरेको स्पष्टीकरणमा प्रतिबद्धता जनाएअनुसार कार्य तथा संस्था बिक्री गर्ने प्रस्ताव अनुसारको कार्य समेत २०६९ आषाढ मसान्तसम्ममा तथा अद्यावधि पूरा गर्न नसकेको तथा संस्थाले असुल उपर गरेको भनी पेश गरेको विवरण अनुसारको कर्जालाई सुपरिवेक्षकीय आधारमा संस्थाको २०६८ चैत्र मसान्तको वित्तीय विवरणमा समायोजन गर्दा संस्थाको पुंजीकोष १३.९० प्रतिशतले र २०६९ आषाढ मसान्तमा १२.१६ ले ऋणात्मक नै रहने देखिएको, उल्लिखित भए/गरेका कैफियतहरु अद्यावधि कायम रहेको तथा संस्थालाई समस्याग्रस्त वित्तीय संस्था घोषणा गरी सुधारको लागि निर्देशन दिनुपर्ने पर्याप्त कानूनी आधार हुँदाहुँदै पनि थप समय प्रदान गर्दै जाँदा संस्थाको स्थिति थप नाजुक हुन गई संस्था, लगानीकर्ता, सरोकारवाला तथा विशेष गरी निक्षेपकर्ताहरु थप जोखिममा पर्न सक्ने अवस्था विद्यमान देखिएको र संस्थाले पेश गरेको अन्य स्पष्टीकरण समेत सन्तोषजनक एवं पूर्ण नदेखिएकोले उक्त संस्थालाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ (ख) बमोजिम मिति २०६९/६/७ देखि समस्याग्रस्त वित्तीय संस्था घोषणा गरी सोही ऐनको दफा ८६ (ग) अनुसार समस्याग्रस्त घोषणा भएको पत्र पठाइएको मितिदेखि ६ महिना भित्रमा पालना गर्ने गरी देहाय बमोजिमका निर्देशनहरु दिइएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**निर्देशनहरु**

(क) यस बैंकको निर्देशन बमोजिम पूंजीकोष कायम गर्न ।

(ख) निक्षेप संकलन एवम् नवीकरण नगर्न ।

(ग) थप कर्जा तथा जमानत प्रदान नगर्न ।

(घ) अवधि समाप्त भएका एवं फिर्ता भुक्तानी गर्नु पर्ने निक्षेप नियम र प्रक्रिया अनुसार फिर्ता गर्न । तर, प्रति दिन प्रति खाता दुई लाखभन्दा बढी निक्षेप वा दायित्व रकम भुक्तानी गर्दा यस बैंकको स्वीकृति लिन ।

(ङ) नयाँ शाखा नखोल्न ।

(च) यस बैंकको स्वीकृति बिना स्थिर सम्पत्ति खरिद तथा बिक्री नगर्न ।

(छ) संचालकको भत्ता तथा सुविधा एवम् कर्मचारीको तलब भत्ता तथा अन्य आर्थिक सुविधा बृद्धि नगर्न ।

(ज) यस बैंकको स्वीकृति बिना नयाँ कर्मचारी भर्ना तथा बढुवा नगर्न तथा थप आर्थिक दायित्व सिर्जना नगर्न ।

(झ) निष्कृय कर्जाको अनुपात ५ प्रतिशतभन्दा तल ल्याउन ।

(ञ) लाभांश घोषणा वा वितरण नगर्न ।

(ट) संस्थागत सुशाासन, आन्तरिक नियन्त्रण प्रणाली र जोखिम व्यवस्थापनको समुचित व्यवस्था मिलाउन ।

(ठ) हरहिसाब तथा स्रेस्ता दुरुस्त राखी यस बैंकलाई सही तथ्य जानकारी गराउन ।

(ड) संस्थाको मूल्यांकन लेखापरीक्षण यथाशीघ्र गराई सोको प्रतिवेदन पेश गर्न ।